अध्ययन ४

# अगुवा एक नमूनाको रूपमा

## परिचय

पावलले कोरिन्थीका ख्रीष्ट भक्तहरूलाई लेख्दा उनले तिनीहरूलाई यसो भनेर लेखेका थिए, ''मेरो देखासिकी गर, जसरी म ख्रीष्टको देखासिकी गर्दछु'' (१ कोरिन्थी ११:१)। देखासिकीको मतलब कसैको नक्कल गर्नु हो। उदाहरण देखाएर अगुवाइ गर्ने हाम्रो ठूलो सौभाग्य र गहन जिम्मेवारी छ। उदाहरण बाट दिएको शिक्षाद्वारा मानिसहरू छिटो सिक्दछन्। त्यसैले केवल मुखले मात्र प्रेमको जीवन प्रदर्शन गर्न थाल्छौं तब हामीले सिकाउन खोजेकाहरू हाम्रो अनुशरण गर्न उत्साहित हुँदछन्।

## येशूको उदाहरण

एउता गरुले भन्नुभयो ''प्रभुले सिकाउनुहुने तरिका लामो समयसम्म बोलेर दिइने प्रवचन मात्र थिएन। उहाँले आफ्ना चेलाहरूलाई प्रत्यक्ष पाठ सिकाउनुहुन्थ्यो। उहाँको शिक्षणमा सफलताको रहस्य यही थियो। उहाँले आफ्नै जीवनमा पहिला ती कुराहरू तिनीहरूलाई देखाउनुहुन्थ्यो।'' येशूले उदाहरण दिएर सिकाउनु वा अगुवाइ गर्नुभएको क्षेत्रहरू कुन कुन हुन्?

१) प्रार्थनाको अभ्यासः लूका ११:१-११; लूका ६:१२; लूका ६:२६; मत्ती २६:२७; लूका २२:३६-४६

२) धर्मशास्त्रको प्रयोगः मत्ती ४ः४,७; लूका ४ः१७-२१;
२४ः२७,३२,४४,४६ र मर्कूस १२ः३६

३ )  आत्मा जित्नुः यूहन्ना ४

४) शिक्षा दिनुः मत्ती ५-७; १३; १८

## अन्य विचारहरूको लागि

कुनै व्यक्ति वा साथीको बारेमा विचार गर्नुहोस् जो तपाईंको लागि असल उदाहरण भएको छ। के आधारमा उनीहरूले असल उदाहरण देखाएका छन्? उसोभए खराव उदाहरणको बारेमा विचार गर्नुहोस् त?